# उपेक्षित समुदाय सशक्तिकरण तथा विकास मञ्च डोटी

Upekshit Samudaya Sashaktikaran Tatha Bikas Manch Doti (USSBM-Doti)

## महिला मानव अधिकारकर्मी परिचालन सम्बन्धि निर्देशिका २०७८

**Woman/Human Right Defender (W/HRD) Mobilization Guideline -2022**

सम्पर्क कार्यालयः सुदूरपश्चिम प्रदेश, सेती अञ्चल, डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ६ सिलगढी, नाचन्थली, फोन नं. ००९७७–९४–४२०१८७, ९८४८६९४५६१ इमेलः ussbm.silgadhidoti@gmail.com, ncdfnepaldoti@gmail.com, वेवसाइटः https://www.ussbmdoti.org

विषय सुची

क) पृष्ठभुमिः................................................ .................................................. .....................३

ख) परिभाषाः ................................................ ............................. ...................................३

ग) उद्देश्यः ................................................ ... .................................................................३

घ) कार्यक्षेत्रः ....... ......... ................. ................ ........ ............. ....... ...... ..............४

ङ) महिला मानव अधिकारकर्मीको लागि योग्यताः........ ...... .................................... ................४

च) महिला मानव अधिकारकर्मीहरुको कार्यजिम्मेवारी................................................... ...................४

छ) महिला मानव अधिकारकर्मीहरुले प्रत्यक्ष रुपमा संलग्न हुन नहुने तर विशेष अवस्थामा परामर्श दिन सकिने विषय वा क्षेत्रहरुः................................................ ............ ................................... ५

ज) महिला अधिकारकर्मीहरुले सहजीकरण गर्न सकिने विषय तथा क्षेत्रहरुः ............... .....................६

झ) महिला मानव अधिकारकर्मीले परियोजनालाई सहयोग गर्नु पर्नेः.................................................. ६

ञ) व्याख्या गर्ने, संशोधन तथा खारेजी................................................ .....................................७

## क) पृष्ठभुमि

उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच (USSBM) डोटीको स्थापना साविकको तोलेनी, डौड, कलेना, बगलेक, खिरसैन, गैरागाउ, काडामाण्डौं, सानागाउ, गाँजरी र पोखरी गाविसका १० वटा समुदायमा आधारित संस्थाहरुबाट बनेको संस्था हो । २७६ समूहका तत्कालिन ५४५६ घरधुरीलाई समेटेको यस संस्थाको स्थापना २०६२ सालमा भएको हो ।

उपेक्षित समुदाय सशक्तिकरण तथा बिकास मंच (USSBM) डोटीको वेवसाईट https://www.ussbmdoti.org/ रहेको छ भने इमेल ncdfnepaldoti@gmail.com, ussbm.silgadhidoti@gmail.com रहेको छ भने गुनासो तथा सुझाव संकलन तथा ब्यवस्थापनका लागि इमेल आई डि ussbm.complain@gmail.com रहेको छ ।यस संस्थाले कार्यक्रम संचालनका दौरानमा तथा संस्थाको नियमित गतिबिधिहरुलाई सफलतापुर्वक सम्पन्न गर्ने क्रममा कसैका गुनासा तथा जिज्ञासा सम्बोधन गर्नका लागि कार्यालय अगाडी सुझाव पेटीका राखेको छ । गुनासो ब्यवस्थापन गर्न यस समितिको नियमित बैठक बस्ने गरेको छ र गुनासा तथा सुझावहरुको समयमै कार्यान्वयन गर्ने कुरामा प्रतिबद्ध रहेको छ ।

यस संस्थाले २०६२ पौष देखि हाल सम्म गरिव तथा उपेक्षित समुदायको हक, हित तथा जीवनस्तर उकास्नका लागि दिगो जीविकोपार्जन तथा आयमुलक कार्यक्रमहरु, सशक्तिकरणका क्षेत्रमा काम गर्दै आएको छ ।

समाजमा रहेका सबै खाले बिभेदको अन्त गरी आत्म निर्भर स्वावलम्वि सामाजिक न्याय र मानव अधिकार तथा समतामुलक समाजको निमार्ण गन]{ -A prosperous society where people are empowered and capable to exercise their rights) यस संस्थाको परिकल्पना रहेको छ भने संस्थाको ध्येयः समाजका विपन्न जोखिममा रहेका समुदाय हरुको समावेसी सिदान्तका आधारमा पहुच वृिद्ध गर्ने, सिपमुलक तथा ब्यवसायिक तालिमहरु संचालन गरी ब्यवसायतिर उन्मुख गर्ने, सँगठित सचेतनामुलक अभियान अध्ययन अनुसन्धान र जनवकालत का माध्यमबाट उनिहरुको सशक्तिकरण र पहुच तथा नियन्त्रण कायम गर्नका लागी कटिवद्ध हुने (Mission : To ensure the empowerment of the disadvantaged communities through facilitation on human right & skill oriented training and different awareness raising activity in education and health.) रहेको छ । संस्थाको लक्ष्यः विपन्न तथा उपेक्षित र जोखिममा रहेका व्यक्ति र परिवार को जिवन स्तरमा सुधार भएको हुनेछ (Improved conditions of marginalized communities through various programs related to gender, disaster, good governance education & livelihood.) भन्ने रहेको छ ।

मुक्त हलिया तथा आन्तरिक विस्थापित समुदायको सामाजिक तथा आर्थिक अधिकार प्रबद्र्धनका लागि सामुहिक प्रयास साहस २ परियोजना इभान्जेलिकल लुथरन चर्च इन अमेरिका र लुथरन वर्ल्ड फेडरेसन नेपालको आर्थिक सहयोगमा यस संस्थाबाट संचालित संयुक्त परियोजना हो । जसको लक्ष्य समावेशी विकास र सुशासनमा प्रभावकारी योगदान गर्नका लागि नेपालका ग्रामीण क्षेत्रमा रहेका महिलाहरुको अवस्था सवलीकरण गर्नु रहेको छ । यो परियोजनालाई कार्यान्वयन गर्नका लागि हरेक साझेदारी संस्थाको कार्यक्षेत्रमा महिला मानव अधिकारकर्मीहरु कार्यरत हुनुहुन्छ ।

महिला अधिकारकर्मी वा मानव अधिकार रक्षक ती व्यक्ति समुह वा समाजका अङ्ग हुन जसले विश्वव्यापी रुपमा स्वीकार्य गरीएको मानव अधिकार र मौलिक स्वतन्त्रताको रक्षा र सम्वद्र्धन गर्दछन् । मानव अधिकारकर्मीले नागरिक तथा राजनैतिक र आर्थिक अधिकारसँगसँगै सामाजिक सांस्कृतिक अधिकार रक्षाको लागि पनि काम गर्ने गर्दछन् । कुनै पनि जातिगत सामाजिक द्वन्द, जातिय विभेद लगायतका महिला हिंसा, लैङ्गिक हिंसा, बालबालिका माथि हुने विभिन्न प्रकारको हिंसा बिरुद्ध संरक्षण तथा अधिकारको लागि न्यायमा पुहँच बृद्धि गर्नमा सहजकिरण, सचेतीकरण, वकालत र समन्वयमा पहल गर्ने कार्य गर्दछन् । अधिकारकर्मीहरु सधै अरुको लागि मात्र नभएर आफ्नै सुरक्षाका लागि पनि मानव अधिकार विश्व व्यापि घोषणा–पत्रमा उल्लेख भए अनुरुप मानव अधिकार र मौलीक अधिकारको लागि सधै तटस्त बस्ने, वकालत तथा समन्वय गर्ने काममा संलग्न हुन्छन् । यो निर्देशिका ग्रामिण भेगमा लैङ्गिक हिंसामा काम गर्दै आउनु भएका र अधिकार रक्षाको क्षेत्रमा क्रियाशिल महिला मानव अधिकारकर्मीहरुको परिचालनका लागी तयार गरिएको छ । परियोजनाको क्रियाकलापहरु लागू भएको क्षेत्रमा संचालन गरिने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि क्रियाकलापहरुमा महिला अधिकारकर्मीहरुको परिचालनलाई यस निर्देशिका अनुसार ब्यवस्थित र प्रभावकारी गर्न लागिएको हँुदा यस निर्देशिकालाई “महिला मानव अधिकारकर्मी परिचालन सम्वन्धि निर्देशिका २०७८” राखिएको छ । यो निर्देशिका मानव अधिकारकर्मीहरुको परिचालन प्रयोजनका लागि मात्र सिमित रहने छ ।

ख) परिभाषा ः

सन् १९९८ मा अपनाइएको मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा अनुसार, “मानव अधिकार रक्षक त्यो हो जसले एक्लै वा अरुसँग मिलेर मानव अधिकारको प्रवद्र्धन र संरक्षण गर्न शान्तिपूर्ण र अहिंसक रुपमा काम गर्दछ” ।

ग) उद्देश्य ः

यो निर्देशिका परियोजना कार्यक्षेत्रमा कार्यरत महिला मानव अधिकारकर्मीहरुको परिचालन गर्न र उहाँहरुलाई सुरक्षित रुपमा कार्य गर्न सक्ने वातावरण बनाउनको लागि तयार पारिएको हो । यस निर्देशिकाले महिला मानव अधिकारकर्मीहरुलाई उनीहरुको भूमिका, जिम्मेवारी र सिमा÷सिमितताहरु बुझ्न मदत गर्नेछ ।

घ) कार्यक्षेत्र ः

साझेदारी संस्था लुथरन विश्व फेडेरेशन नेपाल साझेदार संस्था मार्फत SAHAS-II परियोजना कार्यन्वयन भएका डोटी जिल्लाको गाउँपालिका÷नगरपालिका क्षेत्रहरु

ङ) महिला मानव अधिकारकर्मीको लागि योग्यता ः

१) ३ देखि ५ दिन सम्मको मानव अधिकार तथा महिला अधिकार सम्बन्धि तालिम लिएको । २) समुदायको स्वीकार्यता भएको

३) समुदायमा नेतृत्व लिन सक्ने र सम्बन्धित निकायसँग सहकार्य गर्न सक्ने क्षमता भएको ।

४) साधारण लेखपढ गर्न सक्नुका साथै स्थानिय भाषाको ज्ञान भएको ।

५) महिला मानव अधिकारकर्मी को काम, कर्तव्य र जिम्मेवारी बुझेर निस्वार्थ रुपमा स्वयंसेवी रुपमा काम गर्न इच्छुक भएको ।

६) कम्तीमा २२ बर्ष उमेर पुगेको

च) महिला मानव अधिकारकर्मीहरुको कार्यजिम्मेवारी

१) महिला समूहहरु, समूदायमा आधारित संघ, संस्था तथा सहकारीहरुसँग समन्वय र सहजीकरणगर्ने ।

२) स्थानिय सरकार वा वडा कार्यालय, गाउँ तथा नगरपालिका न्यायिक समिति, महिला बालबालिका तथा सामाजिक विकास शाखा, मेलमिलाप समिति, लैङ्गिक हिंसा नियन्त्रण संजाल समितिहरुसँग समन्वय गर्ने ।

३) लैङ्गिक तथा सामाजिक सवाल का विषयहरु मा छलफल,अन्तरक्रिया, सचेतना र वकालत सम्वन्धि क्रियाकलापहरु संचालन गर्ने ।

४) हिंसामा परेका महिला बालबालिका वा पुरुषहरु लाई न्याय प्राप्तिका लागि सरोकारवालाहरु सँग समन्वयमा सहजीकरण गर्ने ।

५) मानव अधिकारको उल्लङ्ग नभएको अवस्थामा पिडीतको अधिकार रक्षाका लागि वडा कार्यालय र पालिका स्तरीय, लैंगिक हिंसा नियन्त्रण सञ्जाल, समिति, प्रहरी कार्यालय, मानव अधिकार रक्षक सञ्जाल सँग समन्वय गर्ने ।

६) पिडितको अभिव्यक्तिलाई ध्यान दिने, उसको भावनाको कदर गर्ने र गोपिनियता कायम राख्ने ।

७) हिंसा भएको अवस्था मा पिडीत लाईन्याय प्राप्तिका लागि सहजीकरण गर्दै वडा कार्यालय, गाउँ तथा नगर पालिका न्यायिक समिति, राष्ट्रिय मानब अधिकार आयोग र राष्ट्रिय महिला आयोग मा पठाउन पहल तथा सहयोग गर्ने ।

८) बोल्दा सम्मान जनक र सभ्य भाषाको प्रयोग गर्ने ।
९) पिडितलाई असर पर्ने खालका प्रश्न वा अन्य शव्दको प्रयोग नगर्ने
१०) हिंसा सम्बन्धी सूचना संकलन र सम्प्रेषण गर्दा संवेदनशील हुने
११) मुद्दाको अन्तिम निर्णयको अधिकार पिडितलाई दिने ।
१२) कुनैपनि हिंसाको सवालमा सहजीकरण गर्ने तर निर्णय दिने कोशिस नगर्ने ।
१३) मानवअधिकार उल्लङ्गनका घटनाको अनुगमन र दस्तावेजीकरण गर्ने ।
१४) साझेदार संस्थासँग सम्झौता भए अनुसारको क्रियाकलापहरु संचालन, सहजीकरण गर्ने र प्रतिवेदन तयार गर्नका लागि सहयोग गर्ने ।

छ) महिला मानव अधिकारकर्मीहरुले प्रत्यक्ष रुपमा संलग्न हुन नहुने तर विशेष अवस्थामा परामर्श दिन सकिने विषय वा क्षेत्रहरु ः

१) बाल बिवाह जस्तो सामाजिक अपराधका मुद्दा
२) हाडनाता करणी सम्वन्धि मुद्दाहरु
३) बहुविवाह सम्वन्धि मुद्दाहरु
४) करणी सम्वन्धि मद्दाहरु
५) यौनजन्य हिंसा उद्योग गरेको ठहरिएका मुद्दाहरु
६) घरेलु हिंसासम्वन्धि मुद्दाहरु
७) घरनिकाला तथा पतिले पत्नीको अङ्गभङ्ग हुने गरी कुट पिट गरको अवस्थामा ।
८) शारीरीक वा मानसिक कष्ट हुने किसिमको कुनै काम वा जाल प्रपञ्च गरेमा ।
९) अन्त्र्त जातिय विवाहका मद्दाहरु
१०) सम्बन्ध बिच्छेदका मद्दाहरु
११) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।
१२) मानब बेचबिखन तथा ओसार पसार सम्बन्धि ।
१३) बोक्सी सम्बन्धि मुद्दा।
१४) एसिड सम्बन्धि मुद्दा ।
१५) कार्यस्थल मा हुने यौनजन्य दुब्र्यबहार ।

ज) महिला अधिकारकर्मीहरुले सहजीकरण गर्न सकिने विषय तथा क्षेत्रहरु ः

१) श्रीमान श्रीमति बीच भएको सामान्य झगडा ।
२) छिमेकी बीच भएको सामान्य चौपायसँग सम्बन्धित झगडा । ३) खानेपानी, सिंचाई सम्बन्धि सामान्य झगडा ।
४) छिमेकी बीचको सामान्य भनाभनको घटना भएमा ।
५) परिवार परिवार बीचको सामान्य विवाद ।
६) समुह मा भएका विवाद ।
७) कसैले अपमान गरेमा वा मान हानि गरेमा ।
८) सामान्य गाली गलौज तथा झै–झगडा ।

झ) महिला मानव अधिकारकर्मीले परियोजनालाई सहयोग गर्न' पर्ने ः

१) समुहमा लैङ्गिक विधि विश्लेषण सम्वन्धि अभिमुखिकरण कार्यक्रम संचालनमा सहजीकरणगर्ने ।
२) निरन्तर रुपमा लैङ्गिक तथा सामाजिक सवालका विषयमा समुहमा छलफल गराउने र
कार्य योजना बनाउने।

३) जानकारी भएका कानुन का विषयमा समुहको मासिक बैठक मा सहजीकरण गर्ने ।
४) आफ्नो कार्यक्षेत्र अन्त्रतगतका समुहको बैठकहरुमा सहभागी हुने ।
५) पालिका भित्र रहेका विभिन्न संजाल समितिहरुमा आवद्ध हुने ।
६) महिला सशक्तिकरणको लागि पालिका, वडा कार्यालयसँग समन्वय गर्ने । ७) विभिन्न दिवसहरुमा सहभागी भई वकालत गर्ने ।
८) जिल्ला र पालिकास्तरका महिला मानब अधिकार रक्षक संजालहरुसँग निकट समन्वय गर्ने ।
९) समुहहरुलाई स्थानिय तहको बस्ती स्तरीय योजना छनौट प्रकृयामा सहभागी हुने र बजेट विनियोजन प्रक्रियामा आवश्यक सहयोग गर्ने ।
१०) परियोजना अन्तर्गत समुह तथा वस्ती स्तरमा संचालन हुने सचेतना मुलक कार्यक्रमहरु को सहजीकरण, समन्वय गर्ने तथा प्रतिवेदन तयार गर्न सहयोग गर्ने ।
११) परियोजना अन्तर्गतको कार्यक्रम अनुगमन, मुल्यांकनको क्रममा आवश्यक सहयोग तथा भुमिका निर्वाह गर्नुपर्ने ।

महिला मानव अधिकारकर्मीहरुले माथिको विषय वस्तु भन्दा थप कार्यहरु संचालन गर्दा कानुनी प्रावधानको विषयमा थप ज्ञान हाँसिल गर्नु पर्ने भएको हुँदा परियोजनाले मात्र सहयोग गर्न नसक्ने अवस्थामा आफै पनि बिभिन्न संचार माध्यम वा अन्य निकायसँग पनि आवश्यकता अनुसार समन्वय गर्न सकिने छ । साथै यो निर्देशिका परियोजनाको कार्य क्षेत्र भन्दा बाहिरको लागि मान्य हुने छैन ।

ञ) व्याख्या गर्ने, संशोधन तथा खारेजी

ड्ड यस निर्देशिकाको व्याख्या समय सापेक्ष तथा आवश्यकता अनुसार परिमार्जन, खारेजी गर्ने अधिकार यस संस्थासँग मात्र रहनेछ ।

ड्ड यस निर्देशिकामा व्यवस्था भएको बुँदाहरु राज्यबाट जारी भएको कुनै ऐन, कानुन, नियमावली तथा निर्देशिका सँग बाझिएमा बाझिएको हद सम्म स्वतःखारेज हुनेछ ।